नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति :२०७७/१०/१४.......

विषय :- **प्रेस विज्ञप्ति**

कोभिड-१९ खोप अभियान अन्तर्गत आज पहिलो दिन बेलुका ५ बजे सम्म प्राप्त सूचनाको आधारमा ६४ जिल्लाका ९३ खोपकेन्द्रहरू मार्फत जम्मा ९०८४ व्यक्तिहरूले खोप लगाएका छन्। जसमध्ये प्रदेश नं. १ मा १२५५ प्रदेश नं. २ मा ७२६ वागमतीमा २६९४ गण्डकीमा १८४३ लुम्बिनीमा ७३३ कर्णालीमा ७५१ र सुदूरपश्चिममा १०८२ ले खोप प्राप्त गरेका छन्। खोप अभियानको शुभारम्भ सफलतापूर्वक सञ्चालन भई खोप लगाएका व्यक्तिहरूमा कुनै पनि स्वास्थ्य समस्या देखिएको छैन्।

आज यस खोप अभियानको पहिलो दिनमा खोप लगाउनु हुने सबै व्यक्ति तथा सेवा प्रदायकहरूको स्वस्फूर्त र उल्लेख्य सहभागिताका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय धन्यवाद दिन चाहन्छ। छोटो समयमा खोप तालीम, ढुवानी तथा वितरण, सञ्चार र खोप केन्द्रहरूको व्यवस्थापन गरी यस अभियानलाई सफल पार्नमा नेतृत्वदायी भूमिका खेल्नु हुनै सबै तहका समन्वय तथा अनुगमन समिति, राजनीतिज्ञ, स्वास्थ्यकर्मी, स्वयं सेवकहरू, सुरक्षाकर्मी तथा व्यवस्थापकहरूलाई मन्त्रालय विशेष धन्यवाद दिन चाहन्छ।

काठमाण्डौं स्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, वीरेन्द्र प्रहरी अस्पताल, पाटन अस्पताल र प्रसुती गृह अस्पतालमा रहेका खोप केन्द्रमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसंख्या सचिव तथा उच्च अधिकारीहरूले स्थलगत भ्रमण गरी खोप सञ्चालनको प्रत्यक्ष अनुगमन गर्नुका साथै खोप लगाउने व्यक्तिहरू र सेवा प्रदायकहरूलाई हौसला प्रदान गर्नु भयो। त्यसैगरी माननीय मन्त्रीज्यू र उच्च अधिकारीहरूले वीर अस्पताल, सिभिल अस्पताल, टेकु अस्पताल र सशस्त्र प्रहरी अस्पतालमा रहेका खोप केन्द्रहरूमा समेत अनुगमन गर्नु भएको थियो।

खोप अभियानमा सबैको सकृय सहभागिता र तोकिएको समय भित्र पहिलो चरणको कार्यक्रम सम्पन्न गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई हार्दिक आव्हान गर्दछ।

धन्यवाद।

(डा. सागेश्वर गौतम)
प्रवक्ता

CS Scanned with CamScanner